नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाडौं

फोन नं.:- ०१-४०३०५१८
फ्याक्स नं.:- ०१-४०३०६४२
Website:-www.ppmo.gov.np

प.सं.:- ०७९/८०
च.नं.:- 603

मिति:२०७९/०९/२१

## राय परामर्श सम्बन्धमा ध्यानाकर्षण

निर्णय मिति:- २०७९/०९/२१

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को (ङ) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले राय परामर्श दिने दायित्वप्रति कार्यालय प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ।
यस कार्यालयमा सार्वजनिक खरिदका सम्बन्धमा राय परामर्श माग गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (७) को उपदफा (१) मा उल्लेख भए अनुसार सार्वजनिक निकायको प्रमुखको जिम्मेवारीमा रहेका कार्य, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा यस कार्यालयबाट जारी भएको नमूना बोलपत्र कागजात लगायतका दस्तावेजमा प्रष्ट भएका विषयमा समेत सार्वजनिक निकायबाट राय परामर्श माग गर्ने गरेको स्थिति छ। यसरी राय परामर्श माग गर्दा अधिकांश सार्वजनिक निकायबाट निर्धारित ढाँचामा राय परामर्श माग हुने नगरेको समेत देखिएकोले अब उप्रान्त यस कार्यालयमा राय परामर्श माग गर्दा सार्वजनिक निकायले राय परामर्श मागका लागि अपनाउनु पर्ने प्रक्रिया, खुलाउनु पर्ने विवरण, कागजातहरु र यस कार्यालयबाट राय परामर्श दिइरहनु नपर्ने विषयका सम्बन्धमा मिति २०७९/०९/२१ मा यस कार्यालयबाट भएको निर्णय सबै सार्वजनिक निकायलाई ध्यानाकर्षण गराइएको व्यहोरा अनुरोध छ।

### क. सार्वजनिक खरिद ऐन,२०६३ को दफा बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गर्दा सार्वजनिक निकायले अपनाउनु पर्ने प्रक्रिया तथा विवरण

कुनै सार्वजनिक निकायबाट राय परामर्श माग गर्ने विषयमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखको तहबाट निर्णय गराई कार्यालयको लेटरप्याड (फोन नम्बर र इमेल ठेगानासहित) मा तपसिल बमोजिमको ढाँचामा पठाउनु पर्नेछ।

तपसिल:

१. मामिलाको संक्षिप्त पृष्ठभूमिः
*(कामको व्यहोरा, कार्य प्रकृया, हालसम्मको कार्य अवस्था तथा उत्पन्न मुख्य समस्या तथा द्विविधासँग सम्बन्धित व्यहोरा उल्लेख गर्ने)*

फोन नं.:- ०१-४०३०५१८
फ्याक्स नं.:- ०१-४०३०६४२
Website:-www.ppmo.gov.np

प.सं.:- ०७९/८०
च.नं.:-

२. **राय मागसँग सम्बन्धित दफा वा नियमः**

*(राय माग गरिएको विषय सार्वजनिक खरिद ऐनको कुन दफा वा सार्वजनिक खरिद नियमावलीको कुन नियम वा नमूना बोलपत्र कागजातमा रहेका कुन प्रावधान लगायतसँग सम्बन्धित रहेको हो, सो उल्लेख गर्ने)*

३. **आइपरेको समस्या तथा द्विविधा र राय परामर्श माग गर्नुपर्ने कारणः**

*(कानूनको व्याख्या भएको वा हुने भिन्नताका साथै यसबाट उत्पन्न समस्या तथा द्विविधा के कारणले समाधान हुन सकेन,सो को विवरण उल्लेख गर्ने)*

४. **सार्वजनिक निकायले समस्या तथा द्विविधा समाधानका लागि गरेको प्रयासः**

*(सम्बन्धित सार्वजनिक निकायले समाधानका लागि गरेका प्रयास उल्लेख गर्ने। सार्वजनिक खरिद अनुगमन कार्यालयबाट विगतमा यस्तो प्रकृतिको विषयमा राय नदिएको एकीन गरेको हुनुपर्ने अथवा राय परामर्श दिइसकिएको भए के कारणले सो राय यस समस्यासँग सान्दर्भिक नभएको हो ? उल्लेख गर्ने)*

५. **कानूनी द्विविधा निराकरणको लागि सार्वजनिक निकायलाई उपयुक्त लागेको सिफारिसः**

*(सार्वजनिक निकायकको कार्य आवश्यकताको आधारमा के निर्णय गर्न खोजेको हो सो बारेमा उक्त निकायको दृष्टिकोण समेत उल्लेख गरी त्यस निकायलाई उपयुक्त लागेको सिफारिस स्पष्टसँग उल्लेख गर्ने)*

६. **संलग्न प्रमाण कागजातः**

*(सार्वजनिक निकायले राय माग गर्ने व्यहोरा स्पष्ट पार्न आवश्यक हुने कागजातहरुको सूची संलग्न गरी पठाउने)*

**ख. राय परामर्श प्रदान नहुने विषयहरु**

१) खरिद ऐन,नियम र नमूना बोलपत्र कागजातमा स्पष्ट उल्लेख भएका विषय

२) सार्वजनिक निकायले निर्णयको एक चरण पुरा गरी अर्को चरणमा प्रवेश गरिसकेको अवस्थामा पुर्व निर्णयमा भएका विषय

३) कानूनी अस्पष्टता वा द्विविधा नरहेका खरिद सम्बन्धी विषय

४) खरिद कानूनको परिधिभन्दा बाहिरका विषय

५) यस कार्यालयले जारी गरेको कार्यविधि, निर्देशिका वा नमूना बोलपत्र कागजात प्रयोग नभई गरिएका खरिद सम्बन्धी विषय

६) सार्वजनिक निकाय वा निकायका प्रमुख स्वयंले निर्णय लिनुपर्ने भनी स्पष्ट भएका विषय

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाडौं

फोन नं.:- ०१-४०३०५१८
फ्याक्स नं.:- ०१-४०३०६४२
Website:-www.ppmo.gov.np

प.सं.:- ०७९/८०
च.नं.:-

७) सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न हुने विवाद समाधानसँग सम्बन्धित विषयमा, (सार्वजनिक खरिद ऐनको दफा (६५) को उपदफा (२))

८) सार्वजनिक निकाय स्वयंको निर्णयका कारण विवाद सिर्जना भएका विषय

९) प्राविधिक वा आर्थिक प्रस्ताव खोली मूल्याङ्कन चरणमा रहेको विषय

१०) सार्वजनिक निकायबाट निर्धारित ढाँचामा राय परामर्श माग नगरिएको वा ढाँचा प्रयोग गरेको भए पनि आंशिक व्यहोरा मात्र खुलाएको वा पुष्टयाईका लागि यथेष्ट कागजात पेश नगरेको अवस्था

११) राय परामर्श माग गर्ने सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखको तहबाट निर्णय नभएको विषय

१२) सार्वजनिक खरिद पुनरावलोकन समितिसँग सम्बन्धित विषय तथा अदालतमा विचाराधीन रहेका विषय

१३) यस कार्यालयबाट विगतमा राय परामर्श दिइसकिएको विषय

१४) सार्वजनिक खरिद पुनरावलोकनको चरणमा रहेको विषय

2065/03/29
..........................
(रमेश प्रसाद अधिकारी)
इन्जिनियर